सम्बत् २०७६ साल फागुन ५ गते सोमबारका दिन बसेको प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णयको मुख्य व्यहोरा निम्न अनुसार छन् ।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली (पहिलो संशोधन), २०७५ मा संशोधन गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- प्रदेश लोकसेवा आयोगमा कामकाज गर्नेगरी जिम्मेवारी तोकिएका अधिकृत दशौं श्री चिरन्जीवी गौतमलाई अर्को व्यवस्था नहुञ्जेलसम्म आर्थिक अधिकार दिने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी नगरपालिका, वडा नं. ११ बस्ने श्री शुभ नारायण पंडितको पत्नी श्रीमती शिव सती देवी पंडितको चट्याङ लागेर मृत्यु भएकोमा आर्थिक सहयोग स्वरुप रु. ३,००,०००।– (अक्षरुपी तीन लाख मात्र) मुख्यमन्त्री राहतकोषबाट उपलब्ध गराउने ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- जनकपुरधामको कवर्डहलमा १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिताको समुदघाटन समारोहमा भएको बम पटाकाको अवशेषले जनकपुरधाम उपमहानगरपालिका, वडा नं. १३ बस्ने श्री शोभित राउत कुर्मीको छोरा वर्ष ११ को आलोक राउत घाइते भै उपचारको क्रममा मृत्यु भएकोले निजलाई आर्थिक सहयोग स्वरुप रु. ३,००,०००।– (अक्षरुपी तीन लाख मात्र) मुख्यमन्त्री राहतकोषबाट उपलब्ध गराउने ।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालय- नेपाल टेलिभिजनलाई प्रदेश नं. २ मा हाललाई ब्युरो कार्यालय स्थापना गर्नका लागि मधेश भवन परिसरभित्रको उपयुक्त स्थानमा निःशुल्क भवन उपलब्ध गराउने ।

६. आन्तरिक मामिला तथा कानून मन्त्रालय- मधेश भवन परिसरभित्र मादक पदार्थ, मनोदीपक पदार्थ वा लागु औषध जस्ता पदार्थ निषेध गर्ने ।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालय- 2020 OECD Integrity Week, 23-27 March, OECD Conference Center, Paris (France) मा हुने कार्यक्रममा सहभागी हुन आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ का प्रदेश सचिव श्री कृष्णहरि पुष्करको मनोनयन स्वीकृत गर्ने ।

८. आन्तरिक मामिला तथा कानून मन्त्रालय- सुरक्षित बेटी अभियान संचालन निर्देशिका, २०७६ को मस्यौदा स्वीकृत गर्ने ।

९. सामाजिक विकास मन्त्रालय- सामाजिक विकास ईकाई स्थापना तथा संचालन निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

OCMCM2